# गौरीगङ्गा राजपत्र


गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८ चौमाला, कैलाली बैशाख ०७ गते, शुक्रबार २०८१ साल, (संख्या १)


## दूध उत्पादन तथा बिक्री वितरणमा प्रोत्साहन कार्यविधि, २०८०

**नगर कार्यपालिकाबाट स्विकृत मितिः २०८१।०१।०७**

**प्रमाणिकरण मितिः २०८१।०१।१४**

**प्रस्तावनाः** नगरपालिकामा रहेका दूध उत्पादक किसानहरूलाई दूध उत्पादनमा प्रोत्साहित गर्दै स्वरोजगार बन्न उत्साहित गर्दै नगरको आर्थिक विकासमा टेवा पुराउनु वाञ्छनीय भएकाले,

कृषि तथा पशुपन्छी ऐन, २०७८ को दफा ४७ बमोजिमको कामकाज गर्नकालागि ऐजन ऐनको दफा ६४ को अधिकार प्रयोग गरी यो कार्यविधि नगर कार्यपालिका बाट पारित गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम दूध उत्पादन तथा बिक्री वितरणमा प्रोत्साहन कार्यविधि, २०८० रहनेछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिका, कैलाली सम्झनु पर्छ ।

गौरीगंगा राजपत्र

(ख) “ऐन” भन्नाले गौरीगङ्गा नगरपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८ सम्झनु पर्छ ।

(ग) “प्रोत्साहन” भन्नाले नगरपालिकामा रहेका किसानहरुले उत्पाद गर्ने दूधको उत्पादन र गुणस्तर वृद्धि गर्नका लागि किसानहरूलाई प्रदान गरिने सेवा, अनुदान रकम, प्रविधि, बिउ र पुजी लाई सम्झनु पर्छ ।

(घ) “किसान” भन्नाले व्यावसायिक परियोजनकालागि दूध उत्पादन गरी बिक्री गर्ने समूह, सहकारी र फर्मलाई सम्झनु पर्दछ ।

(घ) “दोहोरो लाभ” भन्नाले कुनै कृषकले सङ्घ, प्रदेश, सङ्घसंस्था वा अन्य कुनै एक वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको र सोही वर्ष सोही क्षेत्रमा नगरपालिकाबाट अनुदान प्रदान गर्ने कार्यलाई सम्झनु पर्दछ ।

३. <u>दूध उत्पादन विकास क्षेत्र कार्यक्रमः</u> (१) नगरपालिकाले समग्र नगरपालिकालाई वा नगरपालिकाको कुनै वडा लाई दूध उत्पादनका लागि पकेट क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको पकेट क्षेत्रमा पशु नस्ल सुधार, गोठ सुधार, उन्नत जातका पशु पालनमा प्रोत्साहन, उत्पादित दूध बजारीकरण तथा दूध बिक्रीमा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

(३) उपदफा (२) बमोजिमको कार्य गर्दा दोहोरो लाभ नपर्ने गरी लगातार २ वर्ष भन्दा बढी सहयोग गरिने छैन ।

४. <u>दूध उत्पादक किसान छनोट गर्ने तरिकाः</u> (१) नगरपालिकाले दूध उत्पादक तथा संकलन गर्ने किसानलाई प्रोत्साहनका लागि १५ दिने सूचना प्रकाशन गरी अनुसूची-१ बमोजिमको निवेदन सङ्कलन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन गरिएको निवेदनलाई नगरपालिकाले निर्धारण गरेको मापदण्डका आधारमा मुल्याङ्कन समितिले मुल्याङ्कन गरी प्राथमिकताका आधारमा प्रोत्साहन प्राप्त गर्ने कृषकको नाम सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना टास गरेको मितिले १० दिन भित्र कृषक नगरपालिका सँग सम्झौता/सहकार्य गर्न उपस्थित नभएमा प्रोत्साहन प्रदान गर्न नगरपालिका बाध्य हुने छैन।

गौरीगंगा राजपत्र

(४) प्रोत्साहन प्राप्त गर्ने किसान वा व्यवसायीले अर्धवार्षिक रूपमा पशु शाखामा प्रगति विवरण पेस गर्नु पर्नेछ।

(५) अनुगमन समितिले अनुगमन गर्दा प्राप्त प्रोत्साहन लक्ष्य बमोजिमको काममा प्रयोग नगरेको वा अन्य प्रयोजनमा प्रयोग गरेको पाएमा समितिले नियमित प्रोत्साहन रोक तथा आगामी दिनमा नगरपालिकाबाट प्रोत्साहन नपाउने गरी कारबाही गर्न सक्नेछ ।

५. <u>प्रोत्साहनका क्षेत्रहरु:</u> (१) नगरपालिकाले दूध उत्पादन वृद्धि तथा दूधको बजारीकरण प्रभावकारी बनाउनालागि देहायका विषयमा प्रोत्साहन प्रदान गर्न सक्नेछ ।

(क) दूध उत्पादनमा

(ख) दूध बिक्रीमा

(ग) दूध सङ्कलन, भण्डारणमा तथा प्रशोधन

(घ) नस्ल सुधार

(ङ) गोठ सुधार

(च) पशु आहार प्रवर्द्धनमा

(२) दूध बिक्रीमा अनुदान तथा प्रोत्साहन प्रदान गर्दा प्रति लिटर २ (दुई) रुपैयाँ नबढ्ने गरी प्रदान गर्न सकिनेछ ।

(३) उत्पादित दूधको सङ्कलन गर्न तथा भण्डारण गर्नका लागि आवश्यक उपकरण तथा सामाग्रीको लागत मूल्यमा नगरपालिकाले ५० प्रतिसतसम्म अनुदान दिन सक्नेछ ।

(४) नस्ल सुधार तथा गोठ सुधारमा एउटा किसानलाई जम्मा लागतको ५० प्रतिशत वा बढीमा दुई लाख सम्म प्रोत्साहन प्रदान गर्न सकिनेछ ।

(६) दूधको उत्पादन बढाउने उन्नत जातका घाँसका बिउँ तथा बेर्नाहरू नगरपालिकाले सत प्रतिशत अनुदानमा वितरण गर्न सक्नेछ ।

६. <u>मूल्याङ्कन तथा अनुगमन समितिः</u> (१) नगरपालिका बाट प्रदान गरिने प्रोत्साहन मूल्याङ्कन तथा अनुगमन गर्न तपसिलको समिति रहनेछ ।

गौरीगङ्गा राजपत्र

(क) आर्थिक विकास समिति संयोजक — अध्यक्ष

(ख) कृषि शाखा प्रमुख — सदस्य

(ग) पशु शाखा प्रमुख — सदस्य सचिव

(२) समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अनुदान तथा प्रोत्साहनका लागि मापदण्ड निर्माण गर्ने,

(ख) नगरपालिकाबाट जारी गरिएको सूचनामा प्राप्त आवेदनको मुल्याङ्कन गर्ने,

(ग) दूध उत्पादन तथा बजारीकरण लाई व्यवस्थित बनाउने सम्बन्धमा अध्ययन गरी नगर कार्यपालिका समक्ष प्रतिवेदन पेस गर्ने,

(घ) अनुदान तथा प्रोत्साहन प्राप्त गरेका किसानको अनुगमन गर्ने र सुझाव सल्लाह दिने,

(ङ) दूध उत्पादन वृद्धि तथा बजारी करणलाई व्यवस्थित बनाउन कार्य योजना बनाउने,

(च) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने।

(३) समितिको बैठक तथा अनुगमनमा नगर प्रमुख, नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा विज्ञहरूलाई आमन्त्रण गर्न सकिने छ ।

७. <u>प्रोत्साहन गर्ने आधारहरुः</u> (१) नगरपालिकाबाट प्रदान गरिने प्रोत्साहनका आधार तपसिल बमोजिम रहेछन् ।

(क) विगत २ वर्ष देखि दूध उत्पादन गर्ने उद्देश्यले व्यवसाय गर्दै आएको ।

(ख) व्यवसाय गर्नका लागि संरचना निर्माण कम्तीमा ५(पाँच) लाख भन्दा बढी लगानी गरेको ।

(ग) कम्तीमा दुई वटा दूध दिने भैंसी वा गाई पालन गरी दैनिक दूध बेचिरहेको ।

(घ) दूध सङ्कलन केन्द्र स्थापना गरी सञ्चालनमा रहेको ।

(ङ) दूधजन्य मिठाई वा वस्तु उत्पादन गरिरहेको ।

८. <u>व्यावसायिक रूपमा दूध उत्पादन तथा बिक्री गरिरहेको मापन गर्ने आधारहरुः</u> (१) नगरपालिकाबाट प्रदान गरिने प्रोत्साहनकामा सहभागी हुन पाउ भनी निवेदन पेस गर्ने किसानलाई निम्न आधार अनुसार मुल्याङ्कन गरिने छ।

(क) कम्तीमा ६ महिनाको दूधको कारोबारको अभिलेख,

(ख) समूह वा सहकारी वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले संस्थागत रूपमा खरिद बिक्री अभिलेख,

(ग) समूह वा सहकारी वा फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले दूधको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादक कृषकको नामावली सहित विवरण,

(घ) दूधको उत्पादन रेकर्ड वडा/पशु सेवा शाखा स्थित पशुपन्छी हेर्ने कार्यालयका प्राविधिकले प्रमाणित गरेको,

(ङ) पशु बिमा गरेका पशुपालन कृषकहरूलाई प्राथमिकता दिइने,

(च) प्राविधिक प्रतिवेदन नगर स्थित विषयगत कार्यालय वा पशु सेवा केन्द्रबाट तयार भएको,

(छ) प्रति डेरी/समूह/सहकारी/कम्पनीले मासिक औसत कम्तीमा ६000 लिटर उत्पादन तथा बिक्री गरेको,

(ज) निजी फर्म वा निजी उद्यमीको हकमा मासिक औसत कम्तीमा ५०० ली. उत्पादन तथा बिक्री गरेको,

(झ) दर्ता र नविकरण प्रमाणपत्र ।

२) अनुदान तथा प्रोत्साहन कार्यलाई प्रभावकारी बनाउनालागि अनुगमन समितिले केही आधारहरू थप घट गर्न सक्नेछ।

९. **किसानले पेस गर्नु पर्ने कागजातः** (१) नगरपालिकाबाट दफा ३ को उपदफा (४) बमोजिम गरिएको सूचनामा प्रोत्साहन प्राप्त गर्न निवेदन पेस गर्ने किसानले तपसिल बमोजिमका कागजात निवेदन सँग सङ्कलन गर्नु पर्ने छ ।

(क) आवेदकको नागरिकताको प्रतिलिपि,



गौरीगङ्गा राजपत्र

(ख) सहकारी वा कम्पनीले संस्थागत अभिलेख,

(ग) सहकारीले आफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण,

(घ) कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख,

(ङ) स्थायी लेखा नम्बर,

(च) कर चुक्ता कागजात,

(छ) दूधको कारोबार खुल्ने वार्षिक विवरण

(ज) आवेदकको बैक खाता नम्बर ।

(झ) दफा ४ (१) बमोजिमको सूचनामा उल्लेख गरिएका अन्य कागजातहरू ।

१०. <u>बाधा अड्चन र निरूपण:</u> (१) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरूपण नगर कार्यपालिकाले गर्नेछ ।

(२) यो कार्यविधि नगरपालिकाले आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

गौरीगंगा राजपत्र

## अनुसूची- १

(दफा ४(१) सँग सम्बन्धित)

**(दूध उत्पादन तथा बिक्री वितरणमा प्रोत्साहन अनुदान कार्यक्रम)**

**कार्यक्रम माग निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू, मिति ..................
गौरीगङ्गा नगरपालिका
चौमाला , कैलाली

विषयः प्रोत्साहन कार्यक्रम सहभागी गरि पाँउ बारे।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति....................................... मा प्रकाशित गरिएको सूचना अनुसार प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले कार्यक्रमको मापदण्ड र कार्यालयले उल्लेख गरेको सर्तहरूको अधीनमा रही कार्यक्रममा सहभागि हुन इच्छुक भएकाले सहभागि गराईदिन सादर अनुरोध छ । माग भएका बमोजिमका तपसिलका कागजात यसै साथ संलग्न राखेको छु/छौं।

संलग्न कागजातहरु:

१. ..............................
२. ..............................
३. ..............................

निवेदक
दस्तखत :
नाम :
ठेगानाः
सम्पर्क नं.:
संस्थाको छाप

आज्ञाले
धर्मराज विनाडी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र